# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास, धनकुटा
कोशी प्रदेश, नेपाल

**नदीजन्य पदार्थको बिक्रीका लागि दोश्रो पटक बोलपत्र आव्हान सम्बन्धी सूचना ।**

(दोश्रो पटक प्रकाशित मितिः २०८१।१०।२०।

स्थानीय सरकार सञ्चालन ऐन २०७४,को दफा ६२क .र यस पाखीबास नगरपालिकाको आर्थिक ऐन २०८१ को व्यवस्था बमोजिम पाखीबास नगरपालिका वड नं. ५ स्थित माङ्माया खोला दोभान अरुण नदिको किनारबाट स्वीकृत निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा,रोडा, ग्राभेल, गिट्टी, बालुवा) उत्खनन् गरी पाखीबास नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८०।८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | नदिजन्य पदार्थको विवरण | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | ०२ | राजस्व | ढुङ्गा,रोडा, ग्राभेल | ४७३५७.४ | ३३१५०१.९१ | कबोल अंकको कम्तीमा ५(पाँच) प्रतिशत | १०००। |
| २ | | | गिट्टी | ४७३५७.४ | ३३१५०१.९१ | | |
| ३ | | | बालुवा | ६३१४३.२ | ३७८८५९.३२ | | |
| | | | जम्मा | १५७८५८ | १०४१८६३.१४ | | |

**शर्तहरुः**

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब २०८०।८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा NIC ASIA बैंक शाखा कार्यालय पाखीबासमा रहेको यस कार्यालयको खाता नं. 0882050028483002 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिनको दिन कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

प्र. प्रमुख प्रशासकीय अधिकृत

पाखीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पाखीबास, धनकुटा

कोशी प्रदेश, नेपाल

२.तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको भौचर वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं 0882050028483002 .मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक पाखीबास शाखा मा रहेको धरौटी खाता नं 088CA502647524003 जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं .र नाम उल्लेख गरी ४५ (पैंतालीस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं .समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नु पर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा ५. खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६.बोलपत्र स्वीकृत भएमा सो को सूचना मितिले ७ ( सात) दिनभित्र मू.अ .कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत कबोल अंकको ६० (साठी) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ४० (चालीस) प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य

प्रमुख प्रशासकीय अधिकृत

पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा
कोशी प्रदेश, नेपाल

बैंकबाट यस कार्यालयको नाममा जारी भएको २०८२ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ) परफरमेन्स बन्ड (समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह) प्रतिशतले हुन आउने भ्याट रकम समेत यस कार्यालयको राजस्व शिर्षक नं. ३३३१७ (बेदर्तावाला संकलन) मा जम्मा गरि सो को भौचर बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।साथै कबुल अंकको सबै रकम एकमुष्ठ जम्मा गरेमा कबुल गरेको अंक मु. अ. कर बाहेक १० दस प्रतिशतले छुट हुनेछ । यस्तो अवस्थामा परफरमेन्स बन्ड पेश गर्नु पर्ने छैन ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. ठेक्का बन्दोबस्ती व्यबस्थापन सम्बन्धमा पाखीबास नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website pakhribasmun.gov.np मा समेत हेर्न सकिनेछ ।।

अनिस काफ्ले

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत